# कक्षा ८ मा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा

विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

नेपा.शि.५९८ को प्रयोजनार्थ

तयार पारिएको

**शोधप्रस्ताव**


**शोधार्थी**

शरदकुमार लुइँटेल

एम.एड. दोस्रो वर्ष

परीक्षा क्रमाङ्क : २१४०३४१

क्याम्पस क्रमाङ्क : ५०

त्रि.वि.दर्ता नं. : १६०८४-८६

नेपाली भाषाशिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ


२०६८

## १. शोधशीर्षक

यस शोधपत्रको शीर्षक कक्षा 'आठका सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन' रहनेछ ।

## २. शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्रसंङकाय नेपाली शिक्षा विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह ( एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि तयार गरिएको हो ।

## ३. शोध समस्या

क) कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा के कस्ता त्रुटि गर्छन ?

ख) कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिका कारण के कस्ता हुन सक्छन् ?

ग) कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिको प्रकृति र स्वरूप के-कस्तो छ ?

## ४. उद्देश्य

क) कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको पहिचान गर्नु ,

ख) कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको कारण पत्ता लगाउनु ,

ग) कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिको प्रकृति र स्वरूप पहिचान गर्नु ।

## ५. अध्ययनको सीमा

प्रस्तुत शोधप्रस्तावलाई निम्न सीमामा सीमित गरिनेछ :

क) सरदारभाषी (बाँतर) विद्यार्थी भन्नाले मोरङ जिल्लाको झोराहाट गा.वि.स.का श्री सरस्वती उच्च मा.वि. झोराहाट १, वीरेन्द्र मा.वि.झोराहाट ९, बैजनाथपुर गा.वि.स.को श्री सार्वजनिक मा.वि. बैजनाथपुर, भौडाहा गा.वि.स.को श्री प्रजातन्त्र माध्यमिक विद्यालय भौडाहा र सुन्दर नि.मा.वि. भौडाहा गरी तीन गा.वि.स.का जम्मा ५ वटा सरकारी विद्यालयमा कक्षा आठमा अध्ययनरत ६० जना विद्यार्थी भन्ने बुझिनेछ ।

ख) त्रुटि भन्नाले उक्त सरदारभाषी (बाँतर) विद्यार्थीसँग लिने परीक्षणमा देखिने नेपाली वाक्यगठनसँग सम्वन्धी त्रुटिहरूलाई मात्र लिइनेछ ।

ग) यो शोधपत्र लिङ्ग, वचन, पुरुष र कालका आधारमा मात्र विश्लेषण गरिनेछ ।

## ६. शोधविधि

### ६.१ जनसङ्ख्या छनोट

प्रस्तुत शोधपत्रमा मोरङ जिल्लाको झोराहाट गा.वि.स.का दुई बैजनाथपुर गा.वि.स.का १ र भौडाहा गा.वि.स.का २ गरी जम्मा ५ वटा सरकारी विद्यालयमा कक्षा आठमा अध्ययनरत ६० जना सरदारभाषी (बाँतर) विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिनेछ ।

### ६.२ सामग्री निर्माण

क) विद्यार्थीहरूका त्रुटिको पहिचान गर्नका लागि नमुना छनोटमा परेका विद्यार्थीहरूलाई वस्तुगत, विषयगत, अनुवाद र स्वतन्त्र लेखनको परीक्षा समेत लिइनेछ ।

ख) लिङ्ग, वचन, पुरुष र कालका आधारमा आधारित रही प्रश्नपत्रको निर्माण गरी परीक्षा सञ्चालन गरिनेछ ।

## ६.३ विश्लेषण

सङ्कलित सामग्रीको व्याख्या तथा विश्लेषणका निम्ति निम्न प्रक्रिया अवलम्बन गरिनेछ :

क) विद्यार्थीका अभिव्यक्तिमा देखिएका त्रुटिहरूलाई लिङ्ग, वचन, पुरुष र कालका आधारमा विभाजन गरी उदाहरण स्वरूप प्रस्तुत गरिनेछ ।

ख) विभिन्न पक्षमा देखिएका त्रुटिका प्रतिशतका आधारमा त्रुटिको विश्लेषण गरिनेछ ।

## ६.४ सामग्रीको कार्यान्वयन

क) वस्तुगत , विषयगत, स्वतन्त्रलेखन र मौखिक गरी चार प्रकारका प्रश्नहरू तयार गरी त्यसलाई नै अध्ययनको मूल सामग्रीका रूपमा प्रयोग गरिनेछ ।

ख) वस्तुगत, विषयगत, स्वतन्त्रलेखन र मौखिक उत्तरलाई समेत परीक्षण गरी नमुना छनोटमा परेका विद्यार्थीहरूले वाक्यगठनका कुन कुन पक्षमा त्रुटि गरे भनी परीक्षण गरिनेछ ।

ग) प्रश्नको उत्तर लेख्नु भन्दा अगाडि विद्यार्थीहरूलाई उत्तर पुस्तिकाको शिरमा नाम र विद्यालयको नाम लेख्न लगाइनेछ ।

घ) परीक्षा लिँदा वस्तुगत प्रश्नका लागि ठीक उत्तरमा ठीक (√) चिह्न र बेठीक उत्तरमा बेठिक (X) चिह्न लगाउन निर्देशन दिइनेछ । त्यसैगरी छोटो तथा लामो उत्तरात्मक विषयवस्तुगत प्रश्नको तलपट्टि खाली ठाँउमा वाण (⟶) चिह्नले सङ्केत गरेको ठाँउमा उत्तर लेख्न लगाइनेछ ।

ङ) स्वतन्त्र लेखनको लागि प्रश्नपत्रमै समय सीमा निर्धारण गरी प्रश्नपत्रमै उत्तरपुस्तिका प्रदान गरिनेछ ।

च) सामग्री सङ्कलनका क्रममा वाक्यगठनको सौद्धान्तिक अध्ययनका लागि विभिन्न कृति र शोधहरूको स्वध्ययनलाई पनि आधार मानिनेछ ।

## ७.	अध्ययनको औचित्य

कक्षा आठमा अध्ययनरत सरदारभाषी (बाँतर) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको पहिचान गर्दै त्यस्ता त्रुटिहरूको वर्गीकरण र विश्लेषण गरी त्रुटिको निराकरण गर्न यस विषयमा अध्ययन अनुसन्धान गर्नु आवश्यक छ । त्रुटि अध्ययनको महत्त्व तथा आवश्यकता भाषासिकाइका क्रममा एकपक्षमा मात्र सीमित नभई भाषाशिक्षणका क्रममा आउने अनेकन पक्षसँग यसको सम्बन्ध रहेको हुन्छ । त्रुटिविश्लेषणले भाषाशिक्षणका क्रममा भाषासिकाइ प्रक्रिया, उद्देश्य निर्माण, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, शिक्षणविधि छनोट, मूल्याङ्कन प्रक्रिया आदिमा समेत महत्त्वपूर्ण भूमिका खेलेको पाइनुले यसको अध्ययन विश्लेषण महत्त्वपूर्ण मानिन्छ ।

यसरी त्रुटि विश्लेषणका क्रममा त्रुटिको पहिचान गरी त्यस्ता त्रुटिको निराकरण गर्न तथा निदानात्मक शिक्षण गर्नका लागि त्रुटिविश्लेषण गर्नु आवश्यक छ । यसभन्दा अगाडि त्रुटिविश्लेषणसँग सम्बन्धित विभिन्न किसिमका अध्ययन अनुसन्धान भएपनि सरदारभाषी ( बाँतर) विद्यार्थीहरूले गर्ने त्रुटिको खासै अध्ययन अनुसन्धान नभएकाले पनि यो अनुसन्धान औचित्यपूर्ण रहेको देखिन्छ ।

## ८.	पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको थालनी गर्नुपूर्व त्यस सम्बन्धी भए गरेका कार्यहरूको अध्ययन गर्नु सान्दर्भिक हुन्छ किनभने पूर्वअनुभवले गर्दा वर्तमानमा अझ अगाडि बढ्न सहयोग र प्रेरणा मिल्दछ । यसका अतिरिक्त विगतमा सम्बन्धित विषय वा क्षेत्रमा के कस्ता कार्यहरू कसरी सम्पन्न भएका छन ? के कस्ता निष्कर्ष प्रस्तुत गरेकाछन् ? भाषशिक्षणमा देखिएका त्रुटिहरूलाई कम गर्ने उपायहरू के कति छन् ? यस्तै पक्षहरूको सूचनाबाट सौद्धान्तिक पृष्ठभूमि प्राप्त हुने , पुनरावृत्तिको प्रभावबाट जोगिने एवम् व्याख्या विश्लेषणको आधार समेत प्राप्त हुन्छ । यसर्थ

यहाँ वाक्यगठनसँग सम्बन्धित केही त्रुटिहरूको अध्ययनसँग सम्बन्धित केही पूर्वकार्यको अध्ययन गर्ने प्रयास गरिएको छ :

**पारसमणि भण्डारी** (२०३९) द्वारा "नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने कक्षा ८ का विद्यार्थीहरूले वाक्यगठनमा गर्ने अशुद्धिहरूको अध्ययन" शीर्षकमा एक लघु अनुसन्धान प्रस्तुत गरिएको छ । यसको उद्देश्य नेवारीभाषी विद्यर्थीहरूद्वारा नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू पहिल्याई निराकरण गर्नु रहेको छ ।

**रामचन्द्र लम्साल** (२०४०)द्वारा "निम्न माध्यमिक तह पूरा गरेका आवासीय र साधारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठन सम्बन्धी त्रुटि पक्षको तुलनात्मक अध्ययन" शीर्षकमा एक लघु अनुसन्धान प्रस्तुत गरिएको छ । उक्त अनुसन्धानमा आवासीय र साधारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठन सम्बन्धी त्रुटिपक्षको पहिचान गरिएको छ । साथै उक्त दुबै किसिमका विद्यार्थीहरूका बीचमा वाक्यगठनमा पाइने त्रुटिपक्षको पारस्परिक तुलना गरिएको छ । नमुना छनोटमा परेका आवासीय र साधारण विद्यालयका विद्याथौहरूको तुलनात्मक अध्ययनमा साधारण विद्यालयका विद्यार्थीहरूको स्तर कमजोर देखिएको छ ।

**रामप्रसाद भट्टराई** (२०४३) द्वारा "प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली व्याकरणिक कोटिसम्बन्धी त्रुटिविश्लेषण " शीर्षकमा एक शेधपत्र प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रमा व्याकरणात्मक कोटिका आठ पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, कारक, भाव, पक्ष र वाच्यको मात्र अध्ययन गरिएको छ । यस अनुसन्धानमा व्याकरिणक त्रुटिविश्लेषण गर्दा सौद्धान्तिक पक्षलाई भन्दा प्रयोगिक पक्षलाई नै बढी जोड दिएको पाइन्छ । व्याकरणात्मक कोटिका उक्त आठ पक्षहरू सम्बन्धी ६४ वटा प्रश्नहरू निर्माण गरी उनीहरूबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि १०० जना विद्यार्थीलाई नमुनाको रूपमा समावेश गरिएको पाइन्छ । उनीहरूका उत्तर पुस्तिकालाई परीक्षण गरी त्रुटिहरूलाई केलाइएको छ ।

**गङ्गाबहादुर के. सी. (खड्का)** (२०५५) द्वारा "सुर्खेत जिल्लाका कक्षा पाँच उत्तीर्ण विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन" शीर्षकमा एक शोधपत्र प्रस्तुत गरिएको छ । जसको प्रमुख उद्देश्य मगरभाषी विद्यार्थीहरूले कविताको सस्वरपाठन, शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटिको तुलनात्मक अध्ययन विश्लेषण गर्नु र प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु रहेको छ ।

**भोलाप्रसाद ढकाल** (२०५५) द्वारा "कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूमा पाइने नेपाली वाक्यगठन सम्वन्धी त्रुटिहरूको अध्ययन" शीर्षकमा एक लघु अनुसन्धान भएको छ । यसमा भाषासिकाइमा हुने त्रुटिसम्बन्धमा सैद्धान्तिक चर्चा गर्ने , साधारण र आवासीय विद्यालयका विद्यार्थीहरूबाट नेपाली वाक्यगठन सम्बन्धमा गरिने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्ने र त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिने जस्ता मुख्य उद्देश्यमा यो अनुसन्धान केन्द्रित रहेको छ ।

**विन्दु पौड्याल (वस्ती)** (२०५८) द्वारा "कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन" शीर्षकमा एक शोधपत्र तयार गरिएको छ । यो शोधपत्र मुख्य रूपमा सस्वरपठन, शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउने तथा क्षेत्रगत विद्यार्थीहरूले गरेका त्रुटिहरूको तुलनात्मक अध्ययन, विश्लेषण गरी त्यसबाट प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्ने उद्देश्यमा प्रस्तुत शोध केन्द्रित रहेको देखिन्छ ।

**अशेश्वर यादव** (२०६३) द्वारा "कक्षा ५ मा अध्ययनरत मैथलीभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन " शीर्षकको शोधपत्र प्रस्तुत गरिएको छ । जसको मुख्य उद्देश्य कक्षा ५ मा अध्ययनरत मैथलीभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको क्षेत्र पत्ता लगाइ त्यस्ता त्रुटिहरूको निराकरणका लागि सुझाव दिनु रहेको छ । साथै ग्रामीण र सहरीया विद्यालयका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु रहेको छ ।

## ९. अध्ययनको रूपरेखा

अध्ययाय एक : शोधपरिचय

अध्याय दुई : त्रुटिविश्लेषणको सैद्धान्तिक अध्ययन

अध्ययाय तीन : वाक्यगठनका दृष्टिले नेपाली र सरदार (बाँतर) भाषाको व्यतिरेकी विश्लेषण

अध्याय चार : सरदारभाषी (बाँतर) विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान, व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५२) , **केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६८), प्रायोगिक भाषा विज्ञान -दोस्रो संस्करण), काठमाडौँः एम.के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

ने.रा.प्र.प्र.(२०४०), **नेपाली बृहत् शब्दकोश (प्रथम संस्करण)**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु चूडापणि (२०४८), **भाषाविज्ञान,** ललितपुरः साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

………… (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेशन ।

भट्टराई , रोहिणीप्रसाद (२०३३) , **बृहत् नेपाली व्याकरण,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

………………… (२०५५), समसामयिक नेपाली व्याकरण -दोस्रो संस्करण), काठमाडौँ : रत्नपुस्तक भण्डार ।

………………… (२०५६) सामाजिक तथा प्रायोगिक भाषा विज्ञान, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

…………………… (२०६२), समसामयिक नेपाली व्याकरण -तेस्रो संस्करण), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५४), शब्दरचना र वर्णविन्यास, भोटाहिटी, काठमाडौँ : नवीन प्रकासन ।

सिग्द्याल, सोमनाथ (२०४८), मध्यचन्द्रिका, ललितपुर : साझा प्रकासन ।